नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#७३७

१६ असार २०७९

# दैनिक विपद् बुलेटिन

असार १५ विहान १०:०० बजे देखि १६ असार विहान १०:०० बजेसम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४८ | २ | ० | ७ | रु.६,०५,५८,००० | १६ | २६ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| चट्याङ्ग | सिन्धुली | तिनपाटन गा.पा.- ७ पोतेनि बस्ने वर्ष ६० का **एक पुरुष** घर नजिकै रहेको खेतमा काम गरी फर्किएर घरको आँगनमा आईपुग्दा अचानक **चट्याङ्ग** लागी घटनास्थलमै **मृत्यु** । | १ | ० | ० | ई.प्र.का. डकाहाको टोली खटिई गएको। |
| | सिन्धुली | कमलामाई न.पा.- २ भद्रकाली बस्ने वर्ष ३८ की **एक महिला** घरमा बसीरहेको अबस्थामा अचानक **चट्याङ्ग** लागी **घाईते** । | ० | ० | १ | घाईतेको जिल्ला अस्पतालमा उपचार भईरहेको। |
| | गुल्मी | मदाने गा.पा.- २ गैरागाउ स्थित एक घरमा अचानक **चट्याङ्ग** पर्न जाँदा वर्ष ३९ का **एक पुरुष** र वर्ष ११ का **एक बालक सामान्य घाईते,** ३ वटा बाखाको समेत मृत्य। | ० | ० | २ | ई.प्र.का. पुर्कोटदहको टोली खटिई गएको। |
| | बाग्लुङ्ग | जैमिनी न.पा.- ९ घिउराङ स्थित एक गोठमा अचानक **चट्याङ्ग** परी आगलागी हुँदा गोठ पूर्णरुपमा जलि नष्ट । | ० | ० | ० | स्थानीयको सहयोगमा आगो नियन्त्रण। |
| | बर्दिया | गेरुवा गा.पा.- १ बगहीपुर स्थित एक गोठमा २ वटा भैंसी **चट्याङ्ग** लागी मृत्यु हुँदा **२ लाख ४० हजार रपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.ना.नि.को टोली खटिई गएको । |
| | दार्चुला | मालिकार्जुन गा.पा.- ४ हुनैनाथ स्थित एक घरमा **चट्याङ्ग** परी मिटर बक्स, वायरिङ्ग पूर्णरुपमा जलि बाखा-१, खसि-१ को मृत्यु। | ० | ० | ० | प्र.स.ह.को टोली खटिई गएको। |
| अविरल वर्षा | कञ्चनपुर | **अबिरल बर्षाको कारण** बेदकोट न.पा.- ५ पोलखरी स्थित एक घर भत्किई एकै घरका वर्ष ४० का **एक पुरुष**, वर्ष ११ का **एक बालक** र वर्ष १ की **एक बालिका घाईते** भई उपचारको लागि लगिएकोमा **बालिकाको मृत्यु** | १ | ० | २ | घाईतेहरुको महाकाली प्रादेशिक अस्पतालमा उपचार भईरहेको। |
| | कैलाली | धनगढी उप-म.न.पा.- २ रामजानकी टोल स्थित एक घर हावाहुरी र पानीका कारण भत्किई पूर्णरुपमा क्षति भई घरमा सुतीरहेकी वर्ष ७१ की **एक महिला घाईते** । | ० | ० | १ | घाइतेलाई उपचारको लागि सेती प्रादेशीक अस्पताल पठाईएको। |
| | प्युठान | **अबिरल बर्षातको कारण** प्युठान न.पा.- १ क्वाडी स्थित झिमरुक खोलामा निर्माणाधिन पक्की पुलको निर्माण सामाग्री खोलाले बगाई **२४ लाख १६ हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भक्तपुर | चाँगुनारायण न.पा.- ५ छालिङ डिगाउँ स्थित एक घर **अबिरल वर्षा**को कारण पानी चुहिई छानो समेत भत्किई **२५ हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |
| | महोत्तरी | मनराशिस्वा न.पा.- ५ स्थित एक घर **अबिरल बर्षा**को कारण पूर्णरुपमा लडी **२५ हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |
| | रौतहट | राजपुर न.पा.- २ फतुवा महेशपुर टोलस्थित एक घर **अबिरल बर्षा**को कारण भत्किई **२ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. राजपुरको टोली खटिई गएको। |
| | सिरहा | **अबिरल बर्षाको** कारण मिर्चैया न.पा.-२ मलहनिया टोल स्थित एक घर पूर्णरुपमा भत्किई **२ लाख ३० हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | ई.प्र.का. मिर्चैयाको टोली खटिई गएको। |
| **बाढी** | झापा | कमल गा.पा.-४ सितापुरी चौक देखि पूर्व राजमार्गमा खहरे खोलाको कटानले किनारमा रहेको रुख लड्दा मो.सा.मा पछाडी सवार वर्ष ३१ की **एक महिलालाई** रुखको हाँगाले लागि **घाईते**। | ० | ० | १ | घाइतेको बिएनसि अस्पतालमा उपचार भईरहेको। |
| | झापा | अविरल वर्षाका कारण आएको **बाढी**ले भद्रपुर न.पा.-१० सेतीखोला स्थित भित्री सडकखण्डमा रहेको चैतुवारी-चैतुपारी जोड्ने **सेती पुल बगाएको** । | ० | ० | ० | - |
| | सुनसरी | अबिरल बर्षाको कारण ईटहरी उ.म.न.पा.- ५ शिमरवना स्थित सिकुमारी **खोला**ले एक घरको जग खोली २ वटा कोठा भत्किएको। | ० | ० | ० | - |
| | उदयपुर | चौदण्डिगढी न.पा.- १० खैराझोडा र ज्यामिरे खोलामा आएको **बाढी**को कारण मदनभण्डारी लोकमार्गमा **बाटो अबरोध।** | ० | ० | ० | ईप्रका बेल्टारको टोली खटिई गएको। |
| | सिन्धुली | कमलामाई न.पा.- ९ बि.पि.राजमार्गको सुकेखोला र चोरखोला स्थित अबिरल बर्षाको कारण उक्त **खोलाको बहाब बढन गई बाटो अबरोध**। | ० | ० | ० | ई.प्र.का. भिमानको टोली खटिई गएको। |
| | सिन्धुली | सुनकोशी गा.पा.- १ स्थित घ्याम्पे ठाडो खोलामा अबिरल वर्षाको कारण **बाढी** आई वि.पि. राजमार्ग दुईतर्फि **बाटो अबरोध**। | ० | ० | ० | - |
| **पहिरो** | अछाम | अबिरल बर्षाका कारण तुर्माखाद गा.पा.- २ भुलू सालेसेना स्थित शिम खोलामा निर्माण गरेको दुई वटा पानी टयाङ्की **पहिरो** आई पूर्णरुपमा क्षति। | ० | ० | ० | - |
| | गुल्मी | मुसीकोट न.पा.- ३ जलुके स्थित एक गोठमा अबिरल बर्षाको कारण **पहिरो** आई १ वटा पशुको मृत्यु। | ० | ० | ० | - |
| | सुनसरी | बराहक्षेत्र न.पा.- १ ब्रम्हानन्द खोला स्थित चतरा-बराहक्षेत्र भित्री सडकखण्डमा वर्षादको कारण सडक माथिबाट **पहिरो** झरी **सडक अवरोध**। | ० | ० | ० | प्र.चौ. बराहक्षेत्रको टोली खटिई गएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोटाङ्ग | तुवाचुङ न.पा-. १ कदुवा स्थित मध्यपहाडी लोकमार्गमा माथिबाट **पहिरो** झरी **बाटो अबरोध**। | ० | ० | ० | प्रचौ च्यास्मिटारको टोली खटिई गएको। |
| | धनकुटा | अबिरल बर्षाको कारण छथर जोरपाटी गा.पा.- २ सल्ले स्थित **पहिरो** झरी एक गोठ भित्र रहेको ५ वटा बाखा पुरी क्षति। | ० | ० | ० | - |
| | धनकुटा | धनकुटा न.पा.- ९ सिम्सुवा स्थित मुलघाट देखि त्रिवेणी जाने भित्री कच्ची सडकखण्डमा अबिरल बर्षाको कारण वाटो माथिवाट **पहिरो** झरी **अवरोध** । | ० | ० | ० | - |
| | पाँचथर | फालेलुङ गा.पा.- ५ खेदोक स्थित **पहिरो** आई एक घर पूर्णरुपामा क्षति हुँदा **४ लाख रुपैंया** बराबरको क्षति। | ० | ० | ० | प्रचौ पाङबुङको टोली खटिई गएको। |
| | संखुवासभा | धर्मदेबी न.पा.- १ महबिर स्थित कालिका आधारभुत बिद्यालयको पर्खाल भत्किई एक गोठ बगाउदा ५ वटा पशुको मृत्यु। | ० | ० | ० | - |
| | सोलुखुम्बु | माहाकुलुङ गा.पा.- १ लोचन स्थित बुङबाट सोताङतर्फ आउने भित्री कच्ची सडकखण्डमा **पहिरो** झरी **बाटो अबरुद्ध**। | ० | ० | ० | प्र.चौ. बुङको टोली खटिई गएको। |
| | सोलुखुम्बु | सोताङ गा.पा.- ५ गैरीगाउँ स्थित अबिरल बर्षाको कारण सोताङ प्राथमिक अस्पतालको निर्माणाधिन गाह्रोले एक घर भत्किई **५० लाख ६५ हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | ई.प्र.का सोताङको टोली खटिई गएको। |
| | उदयपुर | कटारी न.पा.- १४ वनडाडा स्थित सिद्धीचरण राजमार्गमा अविरल बर्षाको कारण **पहिरो** खसि तत्काल **बाटो अवरोध** । | ० | ० | ० | - |
| | सिन्धुली | गोलन्जोर गा.पा.- ५ सोलाभन्ज्याङ स्थित बि.पि. राजमार्गमा **पहिरो** आई **बाटो पूर्णरुपमा अबरोध**। | ० | ० | ० | प्र.चौ. गढीको टोली खटिई गएको। |
| | सिन्धुली | गोलन्जोर गा.पा.- ६ हर्देनी स्थित अविरल वर्षाको कारण **पहिरो** आई **मध्यपहाडी लोकमार्गमा पूर्णरुपमा अवरुद्ध।** | ० | ० | ० | - |
| | रामेछाप | मन्थली न.पा.- २ बान्द्रे मन्थली चरिकोट सडकखण्डमा अविरल वर्षातको कारण **पहिरो** आइ **बाटो अवरोध**। | ० | ० | ० | बाटो खुलाउन आवश्यक समन्वय भईरहेको। |
| | रामेछाप | उमाकुण्ड गा.पा.- ६ खुतुर्की स्थित एक बाखाको गोठ बगाउदा १ वटा बाखा पुरिएको। | ० | ० | ० | इ.प्र.का. उमाकुण्डको टोली खटिई गएको। |
| | मकवानपुर | ईन्द्रसरोबर गा.पा.- ३ रामचन्द्र भन्ज्याङ स्थित भिमफेदी कुलेखानी सिस्नेरी काठमाण्डौ सडकखण्डमा **पहिरो** आई **बाटो पूर्णरुपमा अबरोध।** | ० | ० | ० | प्र.चौ. सिस्नेरीको टोली खटिई गएको। |
| | सिन्धुपाल्चोक | बलेफी गा.पा.- ५ जंगारे स्थित नौबिसे बलेफी भित्री सडकखण्डमा **पहिरो** झरी **बाटो पूर्णरुपमा अबरोध**। | ० | ० | ० | प्र.चौ. बलेफी र ,ई.प्र.का. जलबिरेको टोली खटिई गएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाल्पा | रिब्दिकोट गा.पा.- २ जोर्ते विश्वकर्मा मन्दिर नजिकै तानसेन-रिडी पक्की सडकखण्डमा ढुङ्गा झरी **बाटो पूर्णरुपमा अबरोध।** | ० | ० | ० | चौकी प्र.स.नि.को टोली खटिई गएको। |
| | पाल्पा | तानसेन न.पा.-१४ वारी रिडी स्थित तानसेन-रिडी पक्की सडकखण्डमा **पहिरो** झरी **बाटो पूर्णरुपमा अबरोध।** | ० | ० | ० | प्र.ह.को टोली खटिई गएको। |
| | पाल्पा | बगनासकाली गा.पा.- ५ सेरा र रम्भा गा.पा.- ३ सिद्धार्थ राजमार्गमा ढुङ्गा सहितको लेदो खसी **बाटो पूर्णरुपमा अबरोध।** | ० | ० | ० | प्र.चौ. राम्दीको टोली खटिई गएको। |
| | तनहुँ | बन्दीपुर गा.पा.-५ याम्पा स्थित पृथ्वी राजमार्गमा **पहिरो** खसी **बाटो अबरोध।** | ० | ० | ० | प्र.चौ. डुम्रेको टोली खटिई गएको। |
| | स्याङ्जा | गल्याङ न.पा.- ११ धरादी खोला स्थित सिद्वार्थ राजमार्गमा **पहिरो** आई **राजमार्ग पूर्णरुपमा अवरुद्व।** | ० | ० | ० | प्र.चौ. गल्याङको टोली खटिई गएको। |
| | प्युठान | अबिरल बर्षासंगै आएको **पहिरो**ले गौमुखी गा.पा.- ६ लिवाङ बुक्तीचौर स्थित एक गोठ भत्किदा ७ वटा पशुको च्यापिएर मृत्यु भई **२ लाख रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |
| | जाजरकोट | भेरी न.पा.- ४ स्थित जिल्ला प्रहरी कार्यालयको पूर्व तर्फको प्रवेश गेटको पर्खाल **पहिरो** आई भत्किएर क्षति भई **बाटो अवरोध।** | ० | ० | ० | प्र.ना.नि.को टोली खटिई गएको। |
| | दार्चुला | महाकाली न.पा.- ७ धाप असिगडा स्थित दार्चुला गोकुलेश्वर राजमार्गमा अबिरल वर्षाका कारण माथिबाट माटो बगि थुप्रिदा **बाटो अबरोध।** | ० | ० | ० | प्र.स.नि.को टोली खटिई गएको। |
| **आगलागी** | काठमाडौं | का.म.न.पा. ४ बालुवाटार स्थित सुनौलो परिवार मेरी स्टोप अफिसको भवनमा **आगलागी** हुँदा **५ करोड रुपैंया** बराबरको क्षति। | ० | ० | ० | दमकल र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |
| | रोल्पा | सुन्छहरी गा.पा.- ६ भिरवाङ स्थित एक घरमा खाना पकाउने क्रममा **आगलागी** हुँदा **९ लाख ३७ हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |
| | सुनसरी | ईटहरी उ.म.न.पा.- ६ स्थित एक घरमा बिद्युत सर्ट भई **आगलागी** हुँदा घर, दुई वटा स्कुटर, साईकल समेत जली **७ लाख ५० हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | ईप्रका इटहरीको टोली खटिई गई आगो पूर्णरुपमा नियन्त्रण। |
| | सिरहा | औरही गा.पा.- ५ औरही चौक स्थित एक किराना पसलमा अचानक **आगलागी** हुँदा **७० हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | प्र.चौ. औरहीको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |
| **जम्मा संख्या** | | ४८ | २ | ० | ७ | |

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA मा जानुहोस् ।**


## २०७९ वैशाख १ देखि असार १६ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण

| घटना | घटना संख्या | मृतक | वेपत्ता | घाईते | प्रभावित परिवार | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|
| पहिरो | ६२ | १० | ० | १० | ७७ | ४४७७५००० |
| बाढी | १६ | ३ | ० | ६ | १९ | ४६५३००० |
| भारी बर्षा | २७ | २ | ० | ३ | २४ | ८००७८०० |
| चटयाङ्ग | ९८ | ३८ | ० | ६१ | १२५ | १६९८००० |
| सर्पदंश | ८ | ५ | ० | ४ | ८ | ० |
| आगलागी | ५१६ | १८ | ० | ६५ | ५८९ | ५४८८४४४६० |
| जङ्गल आगलागी | ५३ | १ | ० | २ | २९ | १२३८५००० |
| हावाहुरी | ९१ | ८ | ० | ३३ | २५६ | २५४११८०० |
| जनावर आतंक | ४५ | १२ | ० | २६ | ५५ | १५७१५०० |
| भूकम्प | १ | ० | ० | १ | १ | ० |
| डुङ्गा पल्टेर | १ | ० | १ | ० | १ | ० |
| **जम्मा संख्या** | **९१८** | **९७** | **१** | **२११** | **११८४** | **६४,७३,४६,५६०** |

**दैनिक वर्षा (Daily Precipitation) को सारांश:**

असार १५ गते बिहान ०८:४५ बजे देखि असार १६ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७९/०३/१६ गते बिहान ०८:४५ बजे २२२ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ७७ र स्चालितः १४५) मा मापन गरिएको गत २४ घण्टाको विवरण अनुसार २१३ वटा केन्द्रमा वर्षा भएको छ (नक्सा १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१८०.८ मि.मि.) बारा जिल्लाको निजगढ केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये १२५ वटा केन्द्रहरुमा १० मि.मि. भन्दा बढी, ६२ वटा केन्द्रहरुमा २५ मि.मि. भन्दा बढी, २५ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी, ३ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी र २ वटा केन्द्रहरुमा १५० मि.मि. भन्दा बढी वर्षा भएको छ।




*नक्सा १: असार १५ गते बिहान ०८:४५ बजे देखि असार १६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)*

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस् ।**